आज मिति २०७६/१०/२२ गते आईतबारका दिन यस तीनपाटन गाउपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउ कार्यपालिकाको बैठकमा तपशिलका प्रस्तावमाथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

| क.म | पद | नाम | हस्तक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कर्ण बहादुर मगर | |
| २. | उपाध्यक्ष | श्री पदममाया तामाङ | |
| ३. | प्र. प्र. अ. | श्री विष्णु प्रसाद सुवेदी | |
| ४. | कार्यपालिका सदस्य | श्री गोविन्द बहादुर राउत | |
| ५. | कार्यपालिका सदस्य | श्री हेम बहादुर श्रेष्ठ | हेम |
| ६. | कार्यपालिका सदस्य | श्री लाल बहादुर स्याङ्तान | — |
| ७. | कार्यपालिका सदस्य | श्री खड्ग बहादुर भुजेल | — |
| ८. | कार्यपालिका सदस्य | श्री दिनेश कुमार रमौली | |
| ९. | कार्यपालिका सदस्य | श्री बिर बहादुर पुलामी | |
| १०. | कार्यपालिका सदस्य | श्री कोमल बहादुर खपाङ्गी | |
| ११. | कार्यपालिका सदस्य | श्री रेखराज अधिकारी | |
| १२. | कार्यपालिका सदस्य | श्री शेर बहादुर मगर | — |
| १३. | कार्यपालिका सदस्य | श्री पुण्यहरी भुजेल | |
| १४. | कार्यपालिका सदस्य | श्री हितलाल श्रेष्ठ | |
| १५. | कार्यपालिका सदस्य | श्री जगदिश्वर तोलाङ्गी | |
| १६. | कार्यपालिका सदस्य | श्री दुध कुमारी ठकुरी | दुधी |
| १७. | कार्यपालिका सदस्य | श्री देवमाया श्रेष्ठ | देवमाया |
| १८. | कार्यपालिका सदस्य | श्री टेक बहादुर परियार | — |
| १९. | कार्यपालिका सदस्य | श्री भगवती श्रेष्ठ | |
| २०. | कार्यपालिका सदस्य | श्री गितामाया थापा | — |

~~वरिष्ठ~~ सहायक कर्मचारी :- गोपाल प्रसाद [illegible]
~~सहायक~~ सहायक कर्मचारी :- सञ्जय थापा
सहयोगी कर्मचारी :- तारानाथ अधिकारी

प्रस्तावहरु:-

१. योजना , कार्यक्रम तथा चालु खर्च सम्शोधन तथा परिमार्जन गर्ने सम्बन्धमा।

२. बाल संरक्षण नीति र रणनीति सम्बन्धमा।

३. बालसंरक्षण सम्बन्धी कार्यविधि,निर्देशिका सम्बन्धमा।

४. ब्याक हो लोडर कार्यविधि सम्बन्धमा ।

५. कृषक समुह गठन तथा व्यवस्थापन कार्याविधि, २०७६ ।

६. गाउँ प्रहरी ऐन पेश गर्न सम्बन्धमा ।

७. गाउँसभा सम्पन्न गर्ने सम्बन्धमा ।

निर्णयहरु:

१. प्रस्ताव नम्बर १ माथि छलफल गर्दा यस तीनपाटन गाउँकार्यपालिकाको बैठकमा आ.व. ०७६/७७ को लागि तर्जुमा भएको कार्यक्रम, बजेट तथा चालु खर्च अन्तर्गत वडा तथा पालिकास्तरीय योजनाहरु नाम, रकम लगायतमा केही संशोधन, परिमार्जन तथा रकमान्तर गर्न आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा बाल संरक्षण नीति र बालसंरक्षण रणनीति,२०७६ गाउँशभा बैठकमा पेश गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं.३ माथि छलफल गर्दा बालसंरक्षण सम्बन्धी नीति, २०७६ आपतकालीन तथा जोखिममा रहेका बालबालिकाको लागि आकस्मिक कोष (संचालन) कार्यविधि,२०७६ , बालक्लब संचालन तथा सहजीकरण निर्देशिका,२०७६, विपदमा बालबालिकाको संरक्षणको लागि आकस्मिक निर्देशिका,२०७६, ~~पारित गर्ने निर्णय गरियो।~~ बालविवाह अन्त्यका लागी रणनीतीक योजना पारित गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा ब्याक हो लोडर कार्यविधि, २०७६ पारित गरी लागु गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल हुँदा कृषक समूह गठन तथा व्यवस्थापन कार्यविधि, २०७६ पारित गरि लागु गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल हुँदा गाउँ प्रहरी ऐन , २०७६ पारितका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल हुँदा आगामी गाँउसभा सम्पन्न गर्दा तडकभडक नगरी सादा रुपमा सम्पन्न गर्ने निर्णय गरियो ।